# मितिः २०८१।०५।३१ को कार्यपालिका बैठकका निर्णयहरु

| निर्णय संख्या | निर्णयसंग सम्बन्धित शाखा | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | **प्रशासन** | बन्दीपुर गाँउपालिका अन्तर्गत कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरूमा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको म्याद मिति २०८१/०४/०१ देखि मिति २०८१/०५/३१ सम्म थप गर्ने निर्णय गरियो । |
| २. | **प्रशासन** | बन्दीपुर गाँउपालिका अन्तर्गत कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरूमा सेवा करारमा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरूको मिति २०८१/०६/०१ देखी लागू हुनेगरी म्याद थप नगर्ने तथा तपशिल बमोजिम बाहेकका अन्य कर्मचारीहरूको म्याद मिति २०८१/०९/३० सम्म थप गर्ने निर्णय गरियो ।<br>**तपशिलः**<br>१. बन्दना लामा गुरूङ<br>२. काशिनाथ भट्टराई<br>३. चिजा गुरूङ<br>४. रुपा गुरूङ<br>५. बत्तु राना<br>६. समीक्षा थापा<br>७. कन्चन भुजेल<br>८. रेनुका कुँवर |
| ३. | **प्रशासन** | बन्दीपुर गाँउपालिका वडा नं ४ को भवन निर्माण गर्नका लागि जिल्ला समन्वय समितिसँग रु३० लाख माग गर्ने तथा सो कार्यका लागि आवश्यक प्राविधिक स्टिमेट तयार गरी जिल्ला समन्वय समिति तनहुँमा सम्झौता गर्न जाने निर्णय गरियो । |
| ४. | **पशुपंक्षी तथा मत्स्य विकास शाखा** | १. "बिपन्न कृषकहरुलाई वंगुर,सुँगुरहरूको पाठापाठी साटासाट कार्य सञ्चालन कार्यविधि – २०८१" पारित गर्ने निर्णय गरियो।<br>२. "बिपन्न कृषकहरुलाई बाख्रा साटासाट कार्य संचालन कार्यविधि- २०८१" पारित गर्ने निर्णय गरियो । |
| ५. | **पर्यटन शाखा** | बन्दीपुरलाई साँस्कृतिक, पुरातात्विक एवम् पर्यटकीय सहरको रूपमा घोषणा गर्ने निर्णय गरियो । |
| ६. | **आर्थिक सहायता** | बन्दीपुरमा आयोजित तीज सप्ताहन्त्र कार्यक्रमका लागि भेषभुषा धर्म संस्कृति प्रवर्धन शीर्षकबाट रु १ लाख र खड्गमाई बन्दीपुरलाई रु ३५ हजार विनियोजन गर्ने निर्णय गरियो । |
| ७. | **प्राविधिक शाखा** | औद्योगिक ग्रामको IEE गर्नका लागि भैपरी आउने पुजीँगत शिर्षकबाट हिउँदे |

| | | |
|---|---|---|
| | | गाउँसभाबाट अनुमोदन गर्नेगरी स्रोत सुनिश्चित गर्ने र त्यस पछि मात्र भुक्तानी हुने गरी सेवा परामर्श खरीद मार्फत प्रकृया अगाडि बढाउने निर्णय गरियो । |
| ८. | **कृषि शाखा** | सामुहिक खेती अध्ययन अनुसन्धान एवम् अन्य योजनाहरू शीर्षकबाट माटोबाट मानिसमा क्यान्सर रोग सर्ने सम्बन्धी अनुसन्धानमूलक कार्य प्रस्तुतीका लागि रु २५ हजार विनियोजन गर्ने निर्णय गरियो । |
| ९. | **विविध** | १. बन्दीपुर गाँउपालिका कार्यालय र गाँउपालिकाको न्यायिक समितिलाई विपक्षी बनाई उच्च अदालत पोखरामा दायर भएको मुद्दाको लिखित जवाफ सम्मानित उच्च अदालतमा वारेश मार्फत पेश गर्न यस कार्यालयका कर्मचारी श्री केशव डांगीलाई अख्तियारी दिने निर्णय गरियो ।<br>२. बन्दीपुर गाँउपालिका कार्यपालिकाको कार्यालय तथा गाँउपालिका अध्यक्ष श्री सुरेन्द्र बहादुर थापालाई विपक्षी बनाई डुम्रे सडक विस्तारको क्रममा भत्किने घरहरूका सम्बन्धमा उच्च अदालत पोखरामा दायर भएको मुद्दाको लिखित जवाफ सम्मानित उच्च अदालतमा वारेश मार्फत पेश गर्न यस कार्यालयका कर्मचारी श्री केशव डांगीलाई अख्तियारी दिने निर्णय गरियो । |
| १०. | **नापी शाखा** | मिति २०८१।०५।३१ मा बन्दीपुर गाउँपालिकास्तरीय भु-परिषद् बाट जग्गा वर्गीकरणमा छुट भएका कित्ता तथा क्षेत्र परिवर्तन लाई समेट्ने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । |